STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १६ गते आइतबार ❑ 30 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## आगामी आवका लागि १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट

**रासस**
**काठमाडौं, १५ जेठ**

सरकारले आगामी आर्थिक वर्षका लागि रु १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट सार्वजनिक गरेको छ।

आगामी आवका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कुल विनियोजनमध्ये संघले खर्च गर्ने चालुतर्फ रु छ खर्ब ७८ अर्ब ६१ करोड अर्थात् ४१.२ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ७४ अर्ब २६ करोड अर्थात् २२.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब सात अर्ब ९७ करोड अर्थात् १२.६ प्रतिशत विनियोजन गरिएको छ।

त्यसैगरी प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८६ अर्ब ७१ करोड अर्थात् २३.५ प्रतिशत रहेको छ। वित्तीय हस्तान्तरणतर्फ विनियोजन बजेटमध्ये चालु खर्चमा समानीकरण अनुदानसहित रु तीन खर्ब २५ अर्ब ७४ करोड अर्थात ८४.२ प्रतिशत र पूँजीगततर्फ रु ६० अर्ब ९७ करोड अर्थात् १५.८ प्रतिशत् छुट्याइएको छ।

आगामी आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये राजस्वबाट रु १० खर्ब २४ अर्ब ९० करोड र वैदेशिक अनुदानबाट रु ६३ अर्ब ३७ करोड बेहोरिने अध्यादेशमार्फत बजेट प्रस्तुत गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताए।

चालु, पुँजीगत र वित्तीय हस्तान्तरणतर्फ विनियोजित खर्चमा राजस्व र वैदेशिक अनुदानबाट बेहोर्दा न्यून हुने रु पाँच खर्ब ५९ अर्ब ३० करोडमध्ये वैदेशिक ऋणबाट रु तीन खर्ब नौ अर्ब २ ९ करोड र आन्तरिक ऋणबाट रु दुई खर्ब ५० अर्ब बेहोरिने उनले बताए।



सरकारले आगामी वर्षको बजेट विनियोजनका क्रममा तथ्यांकको संरचनामा भने चतुर्‍याई गरेको छ । विगतमा प्रदेश र स्थानीय सरकारलाई जाने अनुदानलाई चालु खर्चमा राखेर सार्वजनिक गर्ने गरेको सरकारले यस पटक भने संघबाट खर्च हुने बजेटलाई मात्र चालु भित्र राखेको छ।

प्रदेश र स्थानीय तहमा जाने बजेटलाई भने चालु खर्चबाट अलग गरिएको छ । अर्थ मन्त्रालयको तथ्यांक अनुसार आगामी आवमा सरकारले चालुतर्फ ६ खर्ब ७८ अर्ब ६१ करोड रुपैयाँ विनियोजन गरेको छ । पुँजीगत खर्च ३ खर्ब ४७ अर्ब २६ करोड बराबर विनियोजन भएको छ।

वित्तीय व्यवस्थातर्फ २ खर्ब ७ अर्ब ९७ करोड रुपैयाँ विनियोजन भएको छ । तल्लो तहमा जाने अनुदान भने ३ खर्ब ८६ अर्ब ७१ करोड रहेको छ। खर्चको हिस्सा अनुसार चालु खर्चको प्रतिशत ४१.२ रहेको छ। पुँजीगत खर्चको हिस्सा २२.७ प्रतिशत, वित्तीय व्यवस्थामा १२.६ प्रतिशत र स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण भएको रकम २३.५ प्रतिशत रहेको छ । वित्तीय हस्तान्तरणबाट तल्लो सरकारमा गएको रकममध्ये ६० अर्ब ९७ करोड रुपैयाँ पुँजीगत प्रयोजनमा खर्च हुने अनुमान केन्द्र सरकारले गरेको छ।

सरकारले यो वर्ष २० प्रतिशत राजस्व संकलनको लक्ष्य लिएको छ। चालु आवमा संघीय सञ्चित कोषमा ८ खर्ब ८९ अर्ब ६२ करोड रुपैयाँ संकलन हुने लक्ष्य राखिएकामा आगामी आर्थिक वर्षमा राजस्व संकलनको लक्ष्य १० खर्ब २४ अर्ब ९० करोड पुर्‍याइएको छ।

राजस्व परामर्श बोर्डले आगामी आर्थिक वर्षका लागि गरेको सिफारिस अनुसार नै अर्थ मन्त्रालयले राजस्व संकलनको लक्ष्यमा परिमार्जन गरेको हो । नेपालमा पछिल्ला केही वर्षहरुको तथ्यांकले समेत राजस्व संकलन औसत २० प्रतिशत भन्दा माथि हुने गरेको देखिएको छ।

कोरोना महामारीकै बीच सरकारले आगामी आवमा समेत महत्वकांक्षी आर्थिक वृद्धिदरको लक्ष्य राखेको छ। आगामी आर्थिक वर्ष २०७८/७९ मा ६.५ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त हुने लक्ष्य सरकारले लिएको हो। आगामी आवमा कोभिड १९ विरुद्धको खोप व्यवस्थाबाट परिस्थिति सामान्यीकरणतर्फ उन्मुख हुने अपेक्षा सरकारले गरेको छ।

खोपको उपलब्धता, पूर्वाधार विकास, राष्ट्रिय गौरवका आयोजना निर्माण सम्पन्न हुने भन्दै यसले आर्थिक वृद्धिमा सहयोग पुग्ने अर्थमन्त्री पौडेलले बताए । सरकारले चालु आर्थिक वर्षको बजेटमा ७ प्रतिशत हाराहारी आर्थिक वृद्धि हुने अनुमान गरेको थियो।

तर, यो आर्थिक वृद्धिदरको अनुमानलाई केन्द्रिय तथ्यांक विभागले ४.०१ प्रतिशत मात्र रहने संशोधित अनुमान गरेको थियो। तर, स्वयं अर्थमन्त्रीले बजेट भाषणका दौरान सो लक्ष्य समेत भेट्न नसक्ने स्वीकार गरेका छन्। मुद्रास्फिति समेत ६.५ प्रतिशत भित्र राख्ने बताएको छ।

सरकारले आगामी आर्थिक वर्षमा सबैभन्दा ठूलो बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । बजेटमा शिक्षा क्षेत्रमा १ खर्ब ८० अर्ब ४ करोड बजेट विनियोजन भएको छ। शिक्षा तथा सामाजिक विकास मन्त्रालयका लागि चालु आर्थिक वर्षमा १ खर्ब ७१ अर्ब बजेट कार्यान्वयन भइरहेको छ।

शिक्षाको बजेट पाठ्यक्रम वितरण वितरण, छात्रवृत्ति, एक विद्यालय, एक स्वास्थ्यकर्मीको व्यवस्था, सबै विद्यार्थीको स्वास्थ्य जाँच गर्नेसहितका नीतिको कार्यान्वयनमा खर्च हुनेछ । बजेटमा विश्वविद्यालयलाई दिने अनुदान अन्तर्गतको १८ अर्ब ३४ करोड रुपैयाँसमेत यसमै समावेश छ। शैक्षिक पूर्वाधारको काम समेत यसमा रहने छ।

कोरोना महामारीका बीच सरकारले स्वास्थ्य क्षेत्रको बजेट

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## निशुल्क उपचार गर्ने भनेको मणिपालले चर्को शुल्क लिएपछि निरास हुदैं अस्पतालबाट जो बाहिरिए...

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

पोखराका दुई निजी अस्पताल मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजले केही दिन देखि कोरोनाका बिरामीको निःशुल्क उपचार गर्न सुरु गरे पनि मणिपालले भने एक बिरामीको उपचारमा शुल्क मागेको खुल्न आएको छ । दैनिक १५ हजारसम्म कोरोनाको उपचार गर्ने भन्दै सरकारसंग सम्झौता गरेको मणिपालले रोल्पाका एक गरिब परिवारसंग चर्को मुल्य अशुल्न खोजेको पिडितले हामीलाई गुनासो गरेका हुन्।

पोखरामा मजदुरी गर्दै आएका रोल्पाका जानबहादुर बुढामगरले आफ्नो २१ दिनको शिशुको मणिपालमा उपचार गर्न खोज्दा ९० हजार डिपोजिट सहित दैनिक २२ देखि २८ हजार खर्च लाग्ने माग गरेकोले आफुले मणिपाल शिक्षण अस्तालबाटबाट सेवा लिनबाट बन्चित भएको गुनासो गरे । आफ्नो बच्चा(शिशुलाई) जन्डिस सहित खोकी लागेर उपचार गर्न मणिपाल शिक्षण अस्पतालमा पुर्‍याएका बुढामगरले अस्पतालमै कोरोना परिक्षण गर्दा बच्चामा कोरोना पोजेटिप देखा परेसंगै चर्को मुल्य मागसंगै उपचार गर्न आफुहरुसंग पैसा नभएको कारण अस्पतालबाट उपचार गर्न बन्चित भएको उनले बताए । बुढामगरकी श्रीमतीको मणिपालमै सुत्केरी गराएका थिए भने उनीहरु आफ्नो निवासमा फर्किएसंगै केही दिन पछि बच्चामा जण्डिस, खोकी लाग्ने र घ्यारघ्यार भएकोले उपचारको लागि मणिपालमै पुराएका थिए। उनले भने "म गरिब परिवारको मजदुरी गरेर खाने मान्छे हो यती धेरै पैसा मैले कहाँबाट जुटाउने पहिला उपचार गर्नुहोस र त्यसमा केही मिलाउनुहोस ऋण धन गरेर तिरौंला भनेको पहिला ९० हजार डिपोजिट विना उपचार हुदैन भने पछि बाध्य भएर अस्पतालबाट बच्चा फिर्ता लैजानु परेको हो। "

यस बिषयमा मणिपाल शिक्षण अस्पतालका कोभिड फोकल पर्सन सरोज पौडेलले उनको बिषयमा आफुहरुलाई कुनै जानकारी नभएको बताए। उनले भने "सरकारले तोकेको शुल्कमा हामीले हाल कोभिडका बिरामीको उपचार गर्दै आएको छौं, कोभिड भएको बिरामीलाई हामीले अहिलेको अबस्थामा अनेत्र पठाउनु पर्ने अबस्था आएकै छैन् ।" अस्पतालमा हाल करिब कोरोनाका गम्भिर सहितका ५० जनाको उपचार भई रहेको बताए । अस्पतालमा एनआईसियू समेत भएकोले कोरोना देखिएको अबस्थामा छुट्टै रुमको समेत अस्पतालले प्रबन्ध गरेको पौडेलको भनाई छ। आफ्नो बच्चालाई अब उपचार गर्न पैसा नभएकोले घर फर्किनेकीभन्दैनिरासहुदैअस्पतालबाट बाहिर निस्कदै गर्दा केही सेवाग्राहीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जान सुझाव दिएसंगै उनी प्रतिष्ठान तर्फ लागे । विहिबार प्रतिष्ठानमा अक्सिजन ग्याँसको अभावले समस्या भएको अबस्थामा पनि प्रतिष्ठानले एनआईसियूमा राखेर उपचार गर्ने प्रबन्ध भएसंगै बुढामगर दम्पत्तिलाई धेरै राहत भएको महशुस भएको छ । हाल प्रतिष्ठानमा निशुल्क रुपमा बच्चाको उपचार भएको बुढामगरले जनाए। विहिबार साँझ मणिपालबाट आफै डिस्चार्ज मागेको भन्ने व्यहोराको पत्र सहित बुढामगरले आफ्नो बच्चाको उपचार गर्न प्रतिष्ठानमा आएसंगै आफुहरुले हालसम्म निशुल्क रुपमा उनको उपचार गर्दै आएको उपचारमा संलग्न प्रतिष्ठानका वालरोग विभाग प्रमुख (बरिष्ठ कन्सलटेन्ट) डा. रामचन्द्र बाँस्तोलाले बताए।

गरिब तथा विपन्न बर्गका व्यक्तिको सेवा गर्नु नै ठुलो धर्म सम्झेका डा. बाँस्तोलाले हालसम्म बुढामगर परिवारसंग अस्पतालले एक पैसा समेत नलिएको उनको सम्पुर्ण खर्च निःशुल्क रुपमा उपचार गराउदै गरेको जनाए । विहिबार बेलुका करिब ८:०० देखि मध्य रात १२:०० बजेसम्म बच्चालाई एनआईसियूमा राखेर उपचार गरेसंगै धेरै सुधार भएकोले वालरोग विभाग प्रमुख डा. बाँस्तोलाले बताए। प्रतिष्ठानमा बच्चालाई अक्सिजन दिने टिकाप मेसिन भएकोले त्यसको माध्यमबाट समेत बच्चालाई सुधार भएसंगै हाल बच्चा खतरा मुक्त भएको उनले बताए।

## सभ्य र समुन्नत समाज निर्माणका लागि एकजुट होऔं- प्रदेश प्रमुख

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

गण्डकी प्रदेशका प्रदेश प्रमुख सीताकुमारी पौडेलले सभ्य र समुन्नत समाज निर्माणका लागि एकजुट हुन आग्रह गर्नुभएको छ।

१४ औं गणतन्त्र दिवसको अवसरमा शुभकामना सन्देश दिदै प्रदेश प्रमुख पौडेलले सम्पूर्ण नेपालीह रूमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दै सभ्य र समुन्नत समाज निर्माणका लागि एकजुट हुन आग्रह गर्नुभएको हो । सन्देशमा उहाँले जेठ १५ नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भ भएको दिन ऐतिहासिक रहेको उल्लेख गर्दै लोकतन्त्रलाई स्थापित, संस्थागत र सुदृढ गर्नु सबैको कर्तब्य भएको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पदयात्रा तथा पर्यटन उद्योगलाई जोगाउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घले कोरोनाका कारण प्रभावित पर्यटन व्यवसायलाई जोगाउन माग गरेको छ।


सङ्घका तर्फबाट अध्यक्ष सुशीलराज पौडेलले आज एक विज्ञप्ति जारी गरी कोरोनाबाट पर्यटन उद्योग सबैभन्दा प्रभावित भएको भन्दै 'पर्यटन सङ्कट वर्ष' घोषणा गरी पदयात्रा तथा पर्यटन उद्योगका लागि आर्थिक वर्ष २०७८/७९ को बजेटमार्फत कोभिड विशेष पर्यटन पुनरुत्थान कोष र पर्यटन सहजीकरण कोषसहितको आर्थिक योजना लागू गर्न माग गरेको छ।

कोरोनाको पहिलो लहरका कारण गत वर्षदेखि नै पर्यटन क्षेत्र ठप्प रहेका अवस्थामा दोस्रो लहरले अझै चुनौतीपूर्ण बनाएको र विगत १५ महिनाभन्दा बढीको व्यावसायिक शून्यताले कतिपय व्यवसायी पलायनसमेत भइसकेको जनाउँदै विज्ञप्तिमा महामारीका कारण पर्यटन उद्योगमा चुनौतीपूर्ण बनेको उल्लेख छ । नेपालको पर्यटनको मेरुदण्डका रूपमा रहेको पदयात्रा पर्यटन नै धराशायी हुने खतरा रहेको र त्योसँगै आश्रित दक्ष जनशक्ति पलायन हुँदै गइरहेको विज्ञप्तिमा भनिएको छ।

पदयात्रा क्षेत्रमा लागेका र अग्रपङ्क्तिमा रहेका मजदूर एवम् व्यवसायी पर्यटकसँग प्रत्यक्षरूपमा सम्पर्कमा रहने र विभिन्न ग्रामीण क्षेत्रमा निरन्तर पुग्नुपर्ने हुँदा कोरोनाको खोप यथाशीघ्र उपलब्ध गराई पर्यटनकर्मीको जीवन रक्षा गरिदिन सङ्घले अनुरोध गरेको छ। सरकारको घोषित व्यवसायी पुनर्जीवन नीतिमा सबै व्यवसायीको सहज पहुँच पुग्ने गरी यथाशक्य कार्यान्वयन गर्नुपर्ने भन्दै विज्ञप्तिमा कोरोनाका कारण व्यवसायीको अर्बौं रुपैयाँको लगानी डुब्ने खतराका साथै लाखौंको सङ्ख्यामा रहेका मजदूर बेरोजगार हुने अवस्था रहेको उल्लेख गरिएको छ । व्यवसायीलाई राहतस्वरुप गण्डकी प्रदेश सरकारले ल्याएको व्यवसाय जीवन रक्षा कोषको घोषणा भए पनि यसबाट अति प्रभावित पदयात्रा व्यवसायीले लाभ लिन नसकेको भन्दै विज्ञप्तिमा व्यावसायिक कर्जा भुक्तानीमा पुनर्तालिकीकरण, सहुलियत ब्याजदरमा कर्जा प्रवाह, मजदूरका लागी सहुलियत ब्याजदरमा कर्जा प्रवाह गर्नुपर्ने माग गरिएको छ।

पर्यटनको पनि अति प्रभावित उद्योगको वर्गमा परेको ट्रेकिङ उद्योगलाई संरक्षित गर्न आवश्यक रहेकाले एकद्वार प्रणालीमार्फत व्यवस्थापन गर्दै विभिन्न शीर्षकमा लिइने करलाई विशेष व्यवस्था तर्जुमा गरी पर्यटन पुनरुउत्थान नीतिअन्तर्गत तीन वर्षसम्म कुनै विशेष मानङ्कका आधारमा कर छुट वर्षको व्यवस्था गर्नुपर्नेमा सङ्घले जोड दिएको छ।

कम्तीमा एक वर्षका लागि विभिन्न ट्रेकिङ शीर्षकका कर, सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारबाट लिइने विभिन्न शीर्षकका प्रत्यक्ष कर, अतिरिक्त शुल्क तथा जरिवाना शत्प्रतिशत मिनाह गर्नुपर्ने भन्दै विज्ञप्तिमा यस क्षेत्रमा रहेका कम्पनीहरूको नवीकरण (स्वतः खारेजी भएका तथा कोभिडका कारण खारेजीमा परेका समेत) को समयावधि आगामी २०७९ साल असार मसान्तसम्मका लागि समय कायम गर्नुपर्ने र पर्यटन व्यवसायमा लाग्ने सम्पूर्ण कर कम्तीमा तीन वर्षका लागि छुट हुने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । मौद्रिक नीतिमा रहेको झन्झटिलो व्यवस्थाले मध्यम तथा निम्नमध्यम व्यवसायी उक्त सुविधाबाट वञ्चित हुन पुगेकाले पर्यटन क्षेत्रमा बैंकहरूबाट प्रवाह भएको सम्पूर्ण कर्जालाई सहुलियत तीन प्रतिशत राहत प्याकेज ब्याजदरअन्तर्गत पुनर्तालिकीकरण गरी व्यवसाय सहज भएपछि मात्र किस्ता भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने र विशेष आर्थिक वर्ष घोषणा गर्नुपर्ने सङ्घले माग गरेको छ।



# आगामी...

पहिलो पटक १ खर्ब भन्दा माथि पुऱ्याएको छ। अर्थ मन्त्रालयका अनुसार चालु आर्थिक वर्ष २०७८/७९ मा सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि १ खर्ब २२ अर्ब ७७ करोड रुपैयाँ बजेट विनियोजन भएको छ।

स्वास्थ्य क्षेत्रमा सरकारले चालु आवमा सरकारले ९० अर्ब ६९ करोड रुपैयाँ बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको छ। आगामी आवमा उच्च वृद्धि गर्दै सरकारले १ खर्ब २२ अर्ब पुऱ्याएको अर्थमन्त्री पौडेलले जानकारी दिए। स्वास्थ्य मन्त्रालयको बजेटबाहेक खोप व्यवस्थापन गर्न २६ अर्ब ७५ करोड विनियोजन भएको छ। खोपसहित कुल कोभिड रोकथाममा भने ३७ अर्ब ५३ करोड बजेट विनियोजन भएको छ।

सरकारले कृषि क्षेत्रमा समेत बजेट बढाउँदै प्राथमिकतामा रहेको संकेत गरेको छ। आगामी आर्थिक वर्षका लागि सरकारले कृषिमा ४५ अर्ब ९ करोड बजेट विनियोजन गरेको छ।

चालु आर्थिक वर्षमा सरकारले कृषिमा ४१ अर्ब ४० करोड रुपैयाँको कृषि बजेट कार्यान्वयन भइरहेको छ। यो बजेटमा कृषकलाई लक्षित गरेका विभिन्न प्रकारका अनुदानसहित रासायनिक मल खरिदमा समेत खर्च हुनेछ। सरकारले आगामी आर्थिक वर्षको बजेटलाई लोकप्रिय बनाउन पर्याप्त प्रयास गरेको छ। यसमा जेष्ठ नागरिकले पाउँदै आएको भत्ता एक हजार रुपैयाँ बढेको छ। अब जेष्ठ नागरिकले मासिक ४ हजार रुपैयाँ भत्ता पाउने छन्।

स र का र ले कर्मचारीको पारिश्रमिक समेत बढाएको छ। यसमा सबै तहका कर्मचारीको समान २ हजार रुपैयाँ वृद्धि भएको छ। प्रहरी कर्मचारीको रासन १५ प्रतिशतले बढाउँदै प्रहरी संगठनलाई समेत सरकारले खुसी बनाउन खोजेको छ। सबै प्रकारका सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशत वृद्धि गरेको छ।

सरकारले बजेटमा विद्यार्थीलाई ल्यापटप किन्न १ प्रतिशतमा ऋण, शैक्षिक प्रमाणपत्र धितोमा प्रवाह हुने कर्जाको सीमा करीव चार गुणाले बढाएर २५ लाख पुऱ्याएको छ।

सरकारी कर्मचारीलाई १० दिन भ्रमण काज बिदा घोषण गरेर पर्यटन व्यवसायीलाई समेत खुसी बनाउने प्रयास सरकारले गरेको छ। राहत, सहुलियत र आर्थिक पुनरुत्थानका माध्यमबाट समेत बजेटलाई लोकप्रिय बनाउने प्रयास गरेको छ।

खानेपानीका महसुल छुट दिने, निषेधाज्ञा अवधिभर खाद्य व्यापार तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कम्पनीबाट बिक्री हुने खाद्यान्नमा २० प्रतिशत छूटको घोषणा सरकारले गरेको छ। विद्युत डिमाण्ड शुल्कमा छुट, कोभिडबाट अतिप्रभावित क्षेत्रलाई लक्षित गरी विविध प्याकेज ल्याउँदै सरकारले निजी क्षेत्रलाई खुसी बनाउने कोसिस गरेको छ।

'सांसद विकास कोष' नामले चर्चित स्थानीय विकास साझेदारी कार्यक्रमलाई आगामी आर्थिक वर्षदेखि सरकारले निरन्तरता नदिने भएको छ। वर्तमान सरकार आएदेखि नै आलोचित बनेको यो कार्यक्रमलाई सरकारले संसद विघटन भएको मौकामा खारेज गरिदिएको छ। यससँगै सरकारले आलोचकहरुको मुख थुन्ने प्रयास समेत गरेको छ। शनिबार अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि बजेट प्रस्तुत गर्ने क्रममा यो कार्यक्रमबारे उल्लेख गरेनन्।

गत वर्ष सरकारले संघीय संसद निर्वाचन क्षेत्रका लागि ६ करोड रुपैयाँका दरले बजेट विनियोजन गरेको थियो। चालु आर्थिक वर्ष २०७७/७८ का लागि भने ६ अर्ब ६० करोड अर्थात प्रति निर्वाचन क्षेत्र बराबर ४ करोड रुपैयाँ विनियोजन गरेको थियो।

सरकारले कोरोना भाइरसको महामारी रोकथाम, नियन्त्रण उपचारका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने र आम नागरिकको सुझावसमेतलाई आधार मानेर उक्त कार्यक्रम खारेज गरेको अर्थमन्त्री पौडेलले बताए। 'कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचार तथा प्रभावितलाई प्रदान गरिने राहत एवम् आर्थिक पुनरूत्थानका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने आवश्यकता र आम नागरिकको सुझावलाई समेत सम्मान गर्दै स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम खारेज गरेको छु' उनले भने।

# पोखरा रङ्गशाला आगामी वर्ष निर्माण सम्पन्न गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

पोखरामा निर्माणाधीन देशकै सबैभन्दा ठूलो फुटबल रङ्गशाला आगामी वर्षभित्र निर्माण सम्पन्न गरिने भएको छ। आगामी वर्ष २०७८/०७९ को बजेट सार्वजनिक गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले रङ्गशाला आगामी वर्ष निर्माण सम्पन्न गरिने जानकारी दिनुभयो।

अन्तरराष्ट्रिय मापदण्डको निर्माणाधीन रङ्गशालाको हालसम्म ८५ प्रतिशत काम सकिएको छ। रङ्गशालाका कतिपय पूर्वाधार बजेट अभावमा अघि बढ्न सकेको छैन। हाल १६ हजार ५०० दर्शक क्षमताको प्यारापिट तयार भए पनि २० हजार पुऱ्याउने गरी अहिले काम भइरहेको छ। रङ्गशालामा भिआइपी प्यारापिटमा छानो छाउने काम शुरु भएको छ।

यसैगरी अर्थमन्त्री पौडेलले गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी वर्ष आयोजना गरिने जानकारी दिनुभयो। गत वर्ष तय भएको राष्ट्रिय खेलकूद कोरोनाका कारण निर्धारित मितिमा आयोजना हुन सकेको थिएन।

# बजेट तुलनात्मक रूपमा सन्तुलित : महासंघ

**रासस**
**काठमाडौं, १५ जेठ**

नेपालका उद्योगी व्यवसायीको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले आगामी आवको बजेट तुलनात्मक रूपमा सन्तुलित रहेको प्रतिक्रिया दिएको छ। महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले रासससँग कुरा गर्दै नेपाल सरकारले आज प्रस्तुत गरेको बजेट तुलनात्मक रूपमा सन्तुलित नै रहेको प्रतिक्रिया दिनुभयो।

खासमा देश महामारीमा रहेकाले स्वास्थ्योपचार र स्वास्थ्य पूर्वाधारमा बजेटको प्राथमिकता भएको र अरु पनि निजी क्षेत्रले अघि सारेका धेरै कुरा सम्बोधन गर्न खोजिएको उहाँले बताउनुभयो। ढकालले भन्नुभयो, "यो विषय परिस्थितिमा निजी क्षेत्र निकै समस्यामा रहेकाले यस क्षेत्रले सरकारसँग राखेका कतिपय माग बजेटमा सम्बोधनको प्रयास भएको छ, तिनको कार्यान्वयन पक्ष अबका दिनमा बलियो हुनुपर्छ।"

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि दश दिन बिदा दिइने, विदेशी पर्यटकलाई एक महिनासम्मका लागि प्रवेशाज्ञा निःशुल्क गर्ने, आयात प्रातिस्थापनका कार्यक्रमलाई बढावा दिने, निर्यातलाई जोड दिने तथा कोभिड -१९ का कारण प्रभावित निजी क्षेत्रलाई सहयोगका कार्यक्रम ल्याइने प्रतिबद्धता सरकारले अघि सारेकाले बजेट सकारात्मक रूपमा नै लिनुपर्ने उहाँले बताउनुभयो।

उहाँले निजी क्षेत्रका कतिपय सुझावलाई सम्बोधन नै गरिएको र कोभिड प्रभावित क्षेत्रलाई पनि सहयोगका कार्यक्रम ल्याइने भनिएकाले यी सबै पक्षको सही कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो।

# सुकेटार विमानस्थलाई वीन्द्र अधिकारीको नामकरण

**रासस**
**काठमाडौं, १५ जेठ**

बजेटमा सुकेटार विमानस्थलाई पूर्वपर्यटनमन्त्री स्वर्गीय रवीन्द्र अधिकारीको नामबाट नामकरण गर्ने भएको छ। यस्तै, ताप्लेजुङको चुहाडाँडामा निर्माण हुने विमानस्थलको नामाकरण स्वर्गीय आङछिरिङ शेर्पाको नामबाट राखिने भएको छ।

अधिकारी तथा शेर्पा लगायत पाँच जनाको २०७५ साल फागुन १५ गते हेलिकोप्टर दुर्घटनामा परी निधन भएको थियो। चुहानडाँडा विमानस्थल निर्माणको सम्भाव्यता अवलोकनका लागि गएको बेला हेलिकोप्टर दुर्घटना भएको थियो।बजेटमा ससंस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका लागि रु २७ अर्ब ४७ करोड विनियोजन गरिएको छ। यो गत आवको तुलनामा बजेटमा बृद्धि हो।

सरकारले आगामी आर्थिक वर्षमा पर्यटन मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाका लागि २७ अर्ब ४७ करोड रूपैयाँ विनियोजन गरेको हो। चालु आवमा पर्यटन मन्त्रालयका लागि रु २६ अर्ब १२ करोड रूपैयाँको बजेट विनियोजन गरिएको थियो। चालु आवको तुलनामा आगामी आवका लागि पर्यटन मन्त्रालयको बजेट रु एक अर्ब ३५ करोडले बढेको छ।

# सय बढीले लिए एम्बुलेन्स सेवा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

कोरोना महामारीसँगै अब हुन सक्ने प्राकृतिक विपत्का बेला जनताको साथमा रहने प्रतिवद्वतासहित कसरी जनतासँग जोडिने भन्ने विषयमा नेपाली काँग्रेस कास्कीले शुरु गरेको छलफल शनिवार सकिएको छ।

कास्कीका ६ वटै प्रदेश सभा निर्वाचन क्षेत्र, शुभेच्छुक तथा भातृसंस्था संस्था र उद्योग व्यवसायीसँग छलफल गरेको हो। पार्टी सभापति कृष्ण केसीको पहलमा शुरु गरिएको छलफलका क्रममा पार्टीले बनाउने योजनामा पूर्ण रुपमा साथ दिने भन्दै योजना सफल बनाउन जुट्ने प्रतिवद्वता व्यक्त गरिएको छ।

'छलफल निकै उपयोगी भएको छ, सभापति केसीले भन्नुभयो- सुझावकै आधारमा योजना तय गर्ने छौं।' वैशाख ६ गतेदेखि शुरु भएको छलफलबाट प्राप्त सुझावका आधारमा कास्की काँग्रेसको बैठकले विपत्का बेला जनतासँग जोडिने योजना तय गर्ने कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

अहिलेको कोरोना महामारी र वर्षा मौसमयामसँगै हुन सक्ने बाढीपहिरो जस्ता घटनामा धनजनको क्षति हुँदा जनतालाई कसरी सहयोग र राहत दिन सकिन्छ भनेर कास्की काँग्रेस गम्भीर रुपमा छलफलमा जुटेको प्रवक्ता सिग्देलको भनाइ छ।

यस अघि वैशाख २६ गतेको जिल्ला कार्यसमितिको बैठकले कोरोना संक्रमित बिरामीको सहजताका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने निर्णय गरेको थियो। सोही निर्णय अनुसार जेठ १ गतेदेखि एम्बुलेन्सले सेवा दिइरहेको छ। एम्बुलेन्स सेवाका लागि कास्की काँग्रेसका सचिव देवेन्द्र रानाभाटको मोवाइल नम्बर ९८४६०२६७६६ र मूख्य कार्यालय सचिव विजयराज अधिकारीको मोवाइल नम्बर ९८५६०५४२२२ मा सम्पर्क गर्न सक्नु हुनेछ। सचिव रानाभाटका अनुसार, एम्बुलेन्सले सयभन्दा बढी बिरामीलाई सेवा दिइसकेको छ।

'एम्बुलेन्स चाहिएको खबर आउँने बित्तिकै हामीले व्यवस्थापन गरेका छौं, सचिव रानाभाटले भन्नुभयो, एम्बुलेन्स सेवाबाट सर्वसाधारणले राहत महसुस गर्नुभएको पायौं।' एम्बुलेन्सले पोखरासहित हंसपुर, थुमाकोडाडाँ, थुम्सीकोट, माझठाना, घाटिछिना, लुम्ले, ल्वाङघलेल लगायतका क्षेत्रमा पुगेर बिरामीलाई सेवा दिइरहेको छ।

# पोखरा पर्यटन परिषद्ले चीनबाट अत्यावश्यक स्वास्थ्य उपकरण सहितका सामग्री ल्यायो

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ जेठ**

पोखरा पर्यटन परिषदले चीनबाट कोरोना संक्रमितको लागि अत्यावश्यक अक्सिजन कन्सन्ट्रेटेड मेशिन सहित आवश्यक स्वास्थ्य सामग्री ल्याएको छ।

कोरोना महामारीको अवस्थामा मानवीय सेवालाई केन्द्रविन्दुमा राख्दै परिषद्को नेतृत्वमा उक्त सामग्री छिमेकी मुलुक चीनबाट आयात गरीएको अध्यक्ष गोपीबहादुर भटटराईले जानकारी दिनुभयो। 'अहिलेको अवस्था निकै जटिल छ, मानव जीवन रक्षार्थ हामीले अत्यावश्यक स्वास्थ्य उपकरण र स्वास्थ्य सामग्री नेपाल ल्याएका हौ' भट्टराईले भन्नुभयो।

भट्टराईका अनुसार करिब ११ लाख मुल्य बराबरको उक्त सामग्री खरीदका लागि परिषदमा आवद्ध पर्यटन व्यवसायी संघसंस्था र अन्य पर्यटन व्यवसायीहरुले आर्थिक सहयोग गरेका थिए। विशेष गरी



कोभिड १९ का विरामीलाई लक्षित गरी स्वास्थ्य उपचारका लागि अत्यावश्यक कोभिड अक्सिजन कन्सन्ट्रेटेड मेशिन ६ थान सहित अक्सिजन मेशिन (१० लिटर) चार थान, पिपिइ सेट पाँचसय थान, पञ्जा एकहजार पिस, मास्क १० हजार पिस स्वास्थ्य सामग्री ल्याउन लागिएको परिषदका महासचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो। नमस्ते कम्यूनिटी फाउण्डेशन दुई थान अक्सिजन कन्सन्ट्रेटेड मेशिन सहयोग गरेको हो। शर्माले उक्त सामाग्री जेठ १६ गते आइतबार मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ्गज्यूको प्रमुख आतिथ्यतामा पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठान, मातृशिशु तथा मितेरी अस्पताल र सरुवा रोग तथा संक्रमण रोग अस्पताललाई हस्तान्तरण गरिने कार्यक्रम रहेको जानकारी दिनुभयो।

# सभ्य...

बताउनुभएको छ। "नेपालको संविधानले परिकल्पना गरेको संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सभ्य र समुन्नत समाज निर्माणका लागि एकजुट हुँदै नेपालको भौगोलिक अखण्डता कायम गर्न र राष्ट्रियता सुदृढीकरणका लागि आजको दिनले प्रेरणा दिनेछ भन्ने विश्वास मैले लिएकी छु।"सन्देशमा भनिएको छ "यस अवसरमा मुलुको सार्वभौमिकता स्वाधीनता र राष्ट्रिय एकतालाई अझै सुदृढ गर्दै 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पुरा गर्न सबैको सहभागिताको लागि हार्दिक आव्हान गर्दछु।"

सन्देशमा प्रदेश प्रमुख पौडेलले सङ्क्रमणबाट सङ्क्रमित भइ उपचारमा रहनुभएका र होम आइशोलेशनमा बस्नु भएकाहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै महामारीको समयमा अग्रपंत्तीमा रही काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षानिकाय तथा कर्मचारीहरूलाई सम्मान गर्दै अझ उच्च मनोबलका साथ निरन्तर क्रियाशिल रहन पनि आव्हान गर्नुभएको छ।

उहाँले यस कठिन परिस्थितिमा जनताको स्वास्थ्य सुरक्षा तथा उपचार कार्यलाई सहज र सर्वसुलभ बनाउन सम्बन्धित सबैपक्षको ध्यानकार्षण समेत गराउनु भएको छ।

# काँग्रेसका तीन जिम्मेवारी : वरिष्ठ नेता पौडेल

**रासस**
**काठमाडौं, १५ जेठ**

नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीको आसन्न १४ औं महाधिवेशनबारे विकल्प सोच्नुपर्ने बेला आएको बताउनुभएको छ।

काठमाडौंस्थित जिल्ला सम्पर्क समितिले आज यहाँ आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानतः पार्टी सङ्कटमा पर्न खोजेको जनाउँदै महाधिवेशनबारे विकल्प सोच्नुपर्ने बेला आएको उल्लेख गर्नुभयो।

'काँग्रेसलाई अहिले कोरोना सङ्क्रमणबाट जनता बचाउने, लामो सङ्घर्षबाट प्राप्त गरिएको संवैधानिक व्यवस्था बचाउने र सङ्कटमा पर्न लागेको पार्टी बचाउने मुख्य तीन जिम्मेवारी छ,'- उहाँले भन्नुभयो। काँग्रेस नबचेसम्म प्रजातन्त्र र मुलुकको भविष्य बच्न नसक्ने उहाँको भनाई छ।


पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले सरकारको गैरजिम्मेवारपनका कारण अक्सिजन अभावले कोरोना सङ्क्रमितको बिरामी मृत्यु हुनु दुःखद कुरा भएको बताउनुभयो। 'वर्तमान सरकारले विश्वासको मत लिन नसकेर राष्ट्रपतिले नयाँ सरकारको आह्वान गरेपछि काँग्रेस नयाँ सरकार निर्माणमा लागेको हो,' उहाँले भन्नुभयो। काँग्रेस केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले कोरोना महामारीको समयमा सरकारले जनताको अभिभावकत्व ग्रहण गर्न नसकेको बताउनुभयो। सांसद अमरेशकुमार सिंहले संविधानको रक्षा गर्ने प्रमुख जिम्मेवारी काँग्रेसको काँधमा आएको बताउनुभयो। काँग्रेस बर्दियाका सभापति सञ्जय गौतमले नेतृत्वमा इच्छाशक्ति भए समयमै पार्टीको महाधिवेशन सम्पन्न गर्न सकिने उल्लेख गर्नुभयो। काँग्रेस ताप्लेजुङका सभापति लिला बोखिम, इलामका सभापति हिमालय कर्माचार्य, नेपाली काँग्रेस लमजुङ-काठमाडौं सम्पर्क समितिका सभापति प्रदीपराज अधिकारीलगायतले समयभित्र पार्टीको महाधिवेशन गर्नुपर्छ भन्नुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

फोनभन्दा चिठी लेख्नै राम्रो । – हेनरी मिलर

**सम्पादकीय**

# लोकप्रिय बजेट

विपक्षी दलहरूको चौतर्फी विरोधका बाबजुद सरकारले आगामी आर्थिक वर्ष २०७८/७९को बजेट सार्वजनिक गरेको छ। शनिबार अर्थमन्त्री विष्णुप्रसाद पौडेले १६ खर्ब ४७ अर्ब ५७ करोड बजेट सार्वजनिक गरेका छन। कोरोना महामारीको कारण अघिल्लो आर्थिक वर्षको भन्दा यो आर्थिक वर्षको बजेट दुई खर्बले बढेको छ। अघिल्लो आर्थिक वर्षमा सरकारले १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट ल्याएको थियो। कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्तासहित धेरै क्षेत्रमा बाँडिएको बजेटले तत्कालका लागि नागरिकलाई खुशी पारेको छ।

सरकारले चालु शीर्षकमा ६ खर्ब ७८ अर्ब ४१ करोड, वित्तीय हस्तान्तरणतर्फ ३ खर्ब ८६ अर्ब ७१ करोड, विकासतर्फ ३ खर्ब ४७ अर्ब २६ करोड, वित्तीय व्यवस्थामा २ खर्ब ७ अर्ब ९७ करोड, राजस्वबाट १० खर्ब २४ अर्ब २४ करोड असुलको लक्ष्य राखेको छ। बजेटमा सरकाले वैदेशिक अनुदानबाट ६३ अर्ब प्राप्त गर्ने लक्ष्य लिएको छ। सरकारले बजेटमा ज्येष्ठ नागरिक भत्ता मासिक ४ हजार रुपैयाँ पुर्याएको छ। आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सरकारी कर्मचारीलाई १० दिन तलबसहित पर्यटन दिने भएको छ। शैक्षिक प्रमाणपत्र धितो राखेर २५ लाखसम्म ऋण ५ प्रतिशत ब्याजदरमा पाइने, लघु, घरेलु, साना उद्यम, वैदेशिक रोजगारीमा फर्किएका युवालाई ५ प्रतिशत ब्याजदरमा सहुलियत दिने, तरकारी, दूध र माछा, मासुको ढुवानी गर्दा किसानले २५ प्रतिशत अनुदान पाउने भएका छन्।

लोकप्रिय कार्यक्रम अन्तर्गत सरकारले विद्यार्थीलाई ल्यापटप किन्न ८० हजार कर्जा र १६ वर्ष उमेर पुगेका विद्यार्थीलाई सीम कार्ड निःशुल्क दिने, निषेधाज्ञामा २० युनिटसम्म विद्युत खपत गर्नेलाई शत प्रतिशत छुट दिने घोषणा गरेको छ। सरकारले निषेधाज्ञामा खाद्य कम्पनी र साल्ट ट्रेडिङबाट खाद्यान्न र ग्यास किन्दा २० प्रतिशत छुट दिएको छ। विवादित गरिबी निवारण कोष खारेज गरेको छ भने स्टार्टअप व्यवसायलाई परियोजना धितो राखेर १ प्रतिशत ब्याजमा २५ लाखसम्म कर्जा दिने घोषणा गरेको छ। त्यसैगरी पत्रकार महासंघको सदस्य भएका पत्रकारलाई सरकारी अस्पतालमा निशुल्क उपचार, ७ लाखको दुर्घटना बीमा दिने घोषणा सरकारले गरेको छ।

सरकारले ल्याएको बजेटले धेरै क्षेत्रलाई खुशी बनाउने गरि ल्याएको छ। विपक्षीले संविधानमा जेठ १५ गते बजेट आउने बाध्यात्मक ब्यवस्थालाई पनि रोक्न सर्वोच्चमा जाने देखि भुतपुर्व अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्ष, पुर्व सभामुख, पुर्व निर्वाचन आयुक्त, पुर्व प्रधान न्यायाधीश समेत लागेका हुन। अहिलेको मुख्य चुनौती सामना गर्ने, स्वास्थ्यमा लगानी बढाउने , राहत दिने,निजि क्षेत्रलाई विश्वासमा लिने, लगानी मैत्री बजेट आएको प्रतिक्रिया आएका छन।बजेट राम्रो भए पनि कार्यान्वयन सजिलो छैन ।कार्यान्वयनमा ल्याउन सबैले सहयोग गरेमा अहिलेका चुनौतीसंग जुध्न सकिनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : शारिरीक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङमा एक साता निषेधाज्ञा थप

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ जेठ**

बागलुङ जिल्लामा थप एक साता निषेधाज्ञा थपिएको छ।

शुक्रबार जिल्ला कोभिड संकट व्यवस्थापन समिति (डिसिसिएमसी) को बैठकले थप एक साता निषेधाज्ञा गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय बागलुङका सूचना अधिकारी दीपक पौडेलले जानकारी दिनुभयो । जिल्लामा कोरोना संक्रमितको दर बढ्दै गएपछि प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीको अध्यक्षतामा बसेको बैठकले जेठ २२ गतेसम्मका लागि निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो । बागलुङमा गत वैशाख २१ गतेदेखि निषेधाज्ञा भएको हो । संक्रमणको दरमा कमी नआएपछि जेठ एक गतेदेखि १५ गतेसम्म निषेधाज्ञा थपिएको थियो।

# खाद्यान्न सामाग्री वितरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ जेठ**

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ स्थित मुस्ताङ क्याम्प र तिब्बेतियन क्याम्पमा रहेका १५८ घरपरिवारलाई खाद्यान्न सहयोग गरिएको छ।

कोभिड-१९ को दोस्रो लहरसँगै देशभर जारी निषेधाज्ञामा क्याम्पमा आश्रित रहेकालाई खाद्यान्नको अभाव नहोस् भन्ने उद्देश्यका साथ पेमा छाल गुम्बाको आयोजना र जोस्लिन व्लुमेन्थल अमेरिकाको सहयोगमा खाद्यान्न सामग्री प्रदान गरिएको हो।

सहयोग हस्तान्तरण कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य इन्द्रधारा विष्टले पेमा छाल गुम्बाको आयोजनामा दुईवटै क्याम्पमा आश्रितलाई दृष्टिगत गरी अमेरिकन संस्था जोस्लिन व्लुमेन्थलको सहयोगमा खाद्यान्न सामग्री वितरण गर्न पाउँदा खुशी लागेको बताउनुभयो । गुम्बाले अघिल्लोवर्षपनिकोरोनामहामारीका समयमा विभिन्न सङ्घसंस्थामा समेत आर्थिक तथा खाद्यान्न सामग्री सहयोग गरेकामा सामाजिक कामको प्रशंसा गर्दै उहाँले आफ्नो तर्फबाट पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । तिब्बेतियन क्याम्प शुक्लागण्डकीका प्रमुख टासीले पेमा छाल गुम्बा याम्दी र अमेरिकन संस्था जोस्लिन व्लुमेन्थलले आफूहरूको क्याम्पमा महामारीको समयमा खाद्यान्न अभावलाई दृष्टिगत गरी सहयोग गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । कोभिड महामारीका कारण घरभित्रै बस्नुपर्ने बाध्यात्मक अवस्थामा स्वदेश एवम् विदेशमा रहेर गुम्बा र अमेरिकन संस्थाको सहयोगले आफूहरूले खाद्यान्न अभावबाट वञ्चित हुनुपर्ने स्थिति नआउने उहाँको भनाइ छ।

# पहिराले बगायो भेडा, बाख्रा र भैंसी

**पोखरापत्र संवाददाता**
**गोरखा, १५ जेठ**

गोरखाको धार्चे गाउँपालिका-१, हुलचुकमा चराउँदै गरेका ३० भन्दा बढी भेडालाई पहिराले बगाएर बेपत्ता बनाएको छ। गाउँदेखि झण्डै तीन घण्टाको पदैल दुरीमा पर्ने पङ्गीम भन्ने स्थानमा चराउन लगिएको भेडा पहिरो बगाएर बेपत्ता बनाएको हो।

घटना गत बिहीबार बिहान करीब १० बजेको समयमा भएपनि खर्कबाट गाउँमा जानकारी ढिलो गरी आएको वडाध्यक्ष दिलिप गुरुङले बताउनुभयो। "ठूलो पानी परेपछि गोठालाहरू ओडारमा बसेका बेला एक्कासी आएको पहिराले भेडा बगाएको जानकारी आएको छ", उहाँले भन्नुभयो, "करीब १२० ओटा भेडामध्ये ३० वटाभन्दा बढीलाई पहिराले बगाएको गोठालो बताएका छन् ।" स्थानीयबासी राजु घले र लेक्पा घलेको भेडा पहिराले बगाएको उहाँको भनाइ छ । लगातार पानी परेकाले पहिरामा पुरिएका भेडा निकाल्न नसकेको जानकारी आएको वडाध्यक्ष गुरुङले बताउनुभयो।

यस्तै सहिद लखन गाउँपालिका-७, बुङकोटमा गएराति माथिबाट खसेको पहिरोले गोठ पुरिदा गोठमा भएका दुई भैसी, तीन बोका बाख्रा पुरिएर मरेका छन्। स्थानीयबासी धनबहादुर श्रेष्ठको गोठमा माथिबाट पहिरो खसेको वडाध्यक्ष शरण श्रेष्ठले जानकारी दिनुभयो। लगातार पानी परेकाले राति पहिरो हटाउन नसकिएपछि आज बिहान एक्साभेटरको सहायताले पुरिएको पशु चौपाया निकालिएको उहाँले बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ जलारी समाज भवन र शान्ति दर्शन बहुउद्देश्यीय भवन निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत जलारी समाज भवन र शान्ति दर्शन बहुउद्देश्यीय भवन निर्माण**

**स्थानः पोमनपा वडा नं. ९**
**योजना सम्झौता मिति : २०७७/१०/०७ गते**
**योजना सम्पन्न मिति : २०७७/१२/३० गते**
**योजनाको कुल लागत : रु. १५,८९,४८२.४९**
**सांसद विकास कोषबाट : रु. १०,००,०००।-**
**जन सहभागितावाट : रु. ४,२७,०००।-**
**अपुग रकमः रु. १६२,४८२.४९**
**उपभोक्ता समितिः**
**दिलमाया गुरुङः अध्यक्ष , अन्जु जलारी कोषाध्यक्ष**
**अनुगमन समिति संयोजकः राममाया मानन्धर**
**सदस्यः रश्मी अधिकारी, प्रकाश शर्मा**

**जलारी समाज भवन र शान्ति दर्शन बहुउद्देश्यीय भवन निर्माण पोखरा -९**


# जटिल समस्या भएका संक्रमित निको हुँदै

**पोखरापत्र संवाददाता**
**बेनी, १५ जेठ**

बेनी अस्पतालमा उपचाररत जटिल समस्या भएका कोरोना सङ्क्रमितहरु निको हुने क्रम बढ्दै गएपछि अस्पतालमा बिरामीको चाप घट्दै गएको छ।

एकसाता अघिसम्म सङ्क्रमितको चाप रहेको अस्पतालमा पछिल्लो दुई दिनयता बिरामीको सङ्ख्या विस्तारै घट्न थालेको अस्पताल विकास समितिले जनाएको छ।

चार दिन अघि १७ जना सङ्क्रमित भर्ना भएको आइसोलेसन कक्षबाट शुक्रवार पाँच डिस्चार्ज भएको स्वास्थ्यकर्मी दीपा खड्काले जानकारी दिनुभयो।

"हाइफ्लो दिइरहेको एक जनाको अवस्था अलि गम्भीर छ, बाँकीको अवस्था सामान्य छ", खड्काले भन्नुभयो।

अस्पतालमा केहीदिन अघिसम्म हाइफ्लो अक्सिजन दिनुपर्ने बिरामी बढेका थिए । आइसोलेशन कक्षमा उपचाररत सबै सङ्क्रमितमा श्वासप्रश्वासको समस्या थियो। होम आइसोलेसनमा बसेकामा शरीरमा अक्सिजन मात्रा कम भएपछि अस्पताल आएका बिरामीमध्ये जटिललाई मात्रै पोखरा रिफर गरिएको र धेरै बिरामी बेनी अस्पतालबाट नै उपचारपछि घर फर्किएका अस्पताल विकास समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो।

जिल्लामा दैनिक सयको हाराहारीमा सङ्क्रमित थपिँदा बेनी अस्पतालमा पनि उपचारका लागि आउनेको चाप बढेको थियो।

# होम आइसोलेसनमै परामर्श सेवा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ जेठ**

म्याग्दीमा कोरोना सङ्क्रमितलाई होम आइसोलेसनमै परामर्श सेवा दिन थालिएको छ। स्थानीय तहले सङ्क्रमितको मनोवल बढाउन नियमित भेट, परामर्श र औषधि वितरण गर्न थालेका हुन्।

स्वास्थ्यकर्मीले नियमित रुपमा स्वास्थ्य सम्बन्धी परामर्श दिन थालेपछि सङ्क्रमण जित्न सहज भएको सङ्क्रमितहरुले बताएका छन् । जिल्लाका ६ वटै स्थानीय तहमा कोरोना सङ्क्रमितकै घरदैलोमा स्वास्थ्यकर्मीसहित जनप्रतिनिधि पुग्ने र परामर्श तथा औषधि वितरण गर्ने काम शुरु गरिएको स्थानीय जनप्रतिनिधिले बताएका छन्।

मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाका अनुसार सङ्क्रमितलाई घरदैलोमा पुगेर औषधि वितरण गर्ने, पल्स अक्सिमिटरबाट अक्सिजन नाप्न लगाउने, मनोवल उच्च राख्न परामर्श दिने लगायतका सेवा सञ्चालन गरिएको छ । गाउँपालिकाले अक्सिजनको लेबल कम भएकालाई कोभिड अस्पतालमा भर्ना गर्ने गरेको छ। घरदैलोमा पुगेर परामर्श, सल्लाह र औषधी वितरण गर्दा उनीहरुमा हौसला बढेको बेनी नगरपालिका १ का वडाअध्यक्ष टेकबहादुर रावलले बताउनुभयो । "सङ्क्रमण पुष्टि भएपछि मानिसहरु धेरै आत्तिदा रहेछन, यस्तो बेलामा मनोसामाजिक परामर्शले सङ्क्रमितलाई हौसला प्रदान गर्दो रहेछ", अध्यक्ष रावलले भन्नुभयो " हामी नियमित सल्लाह र परामर्श प्रदान गर्ने कार्यमा लागेका छौं ।" सङ्क्रमितको घरमा अरु सदस्यलाई रोग नफैलियोस् भनेर मास्क, सेनिटाइजरसँगै अक्सिजनको मात्रा जाँच्न अक्सिमिटर र ज्वरो नाप्न थर्मलगन लगायत स्वास्थ्य सामग्री पुर्याउने गरिएको बेनी नगरपालिका ३ झकिम्लीका वडाअध्यक्ष पदम पुनले बताउनुभयो। मंगला गाउँपालिकाले सबै जनप्रतिनिधिहरुलाई क्षेत्र छुट्याएर सङ्क्रमितहरुको घरदैलोमा खटाएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो। "कसैलाई अस्पताल लैजानुपर्ने भएमा डाक्टरसँग परामर्श गर्छौं", भुसालले भन्नुभयो, "दिनरात नभनी हामी घरदैलोमा छौं।" उता उत्तरी म्याग्दीको रघुगंगा गाउँपालिकामा पनि सङ्क्रमितको अवस्था बुझ्दै आएको गाउँपालिकाका प्रमुख भवबहादुर भण्डारीले बताउनुभयो। उहाँले सबै स्वास्थ्य संस्था र वडा कार्यालयमा स्वास्थ्य सामग्रीहरु उपलब्ध गराइएको बताउँदै वडा मार्फत सङ्क्रमितको घरसम्म स्वास्थ्य सामग्री पुर्याउने गरिएको जानकारी दिनुभयो। "सङ्क्रमितको घरमा हामी पुगेर टाढैबाट भेट्छौं", भण्डारीले भन्नुभयो, "औषधि र स्वास्थ्य सामग्री पनि दिन्छौं ।" भेटघाटले सङ्क्रमितलाई केही भए सरकार छ भन्ने हौसला हुने गरेको भण्डारीले बताउनुभयो । कोरोना सङ्क्रमण जित्न मनोवल घटाउन नहुने, नियमित परामर्श लिनुपर्ने, व्यायाम र सन्तुलित भोजन गर्नुपर्ने स्वाथ्यकर्मीहरुले बताउने गरेका छन्

बुधवार पछिल्लो २४ घण्टामा म्याग्दीमा १५७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। यो सँगै म्याग्दीमा कोरोना सङ्क्रमितको सङ्ख्या एक हजार ७७२ जना पुगेको छ । जिल्लामा ५५० सक्रिय सङ्क्रमित पुगेका छन् भने १६४ वटा नमूनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

कोरोना सङ्क्रमणबाट म्याग्दीमा बुधबार साँझसम्म ३६ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ। रिपोर्ट आउन बाँकी रहेका मध्ये ९८ प्रतिशत ग्रामीण क्षेत्रका छन्।

# अन्तिम अवस्थामा अस्पताल आउँदा मृत्युदर बढ्यो

**पोखरापत्र संवाददाता**
**गलकोट, १५ जेठ**

जिल्लामा अधिकांश कोरोना सङ्क्रमित होम आइसोलेसनमा छन्। धेरै लक्षणविहिन भएपनि केही सङ्क्रमित लक्षणसहितका छन् । कोरोनाको लक्षण देखिदा समेत स्वास्थ्यकर्मीको सर्म्पकमा नआउँदा बागलुङमा कोरोनाबाट मृत्यु हुने बढ्न थालेका छन्।

जिल्ला स्वास्थ्य कार्यालयका कोरोना स्रोत व्यक्ति देव प्रकाश घिमिरेका अनुसार बागलुङमा शुक्रबार मात्रै तीन सङ्क्रमितको मृत्यु भएको छ। उनीहरु अन्तिममा मात्रै अस्पतालमा आएका कारण मृत्यु भएको हो। बागलुङमा अहिले सम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ३८ पुगेको छ भने सक्रिय सङ्क्रमित ९६५ पुगेका छन्।

कोरोनाको गम्भिर लक्षण देखिदा समेत सङ्क्रमित घरमै बस्नु, अक्सिजनको लेबलका विषयमा जानकार नहुनु र जटल स्वास्थ्य समस्या मात्रै लिएर अस्पताल आउनेहरुको बढी मृत्यु भएको देव घिमिरेले बताउनभयो। "अक्सिजन लेवलको विषयमा जानकारी नराख्ने, लक्षण देखिदा समेत घरमै बस्ने, एक्कासी बेहोस भई ढल्दा अथवा श्वासप्रस्वासमा समस्या आएपछि मात्रै अस्पताल आउँदा समस्या भएको छ", घिमिरेले भन्नुभयो "अक्सिजन लेबल घट्नासाथ अस्पताल आउनेको उपचारपछि निको भएपनि अन्तिम अवस्थामा अस्पताल आउँदा मृत्यु हुने संभावना बढी देखियो।"

प्रत्येक सङ्क्रमितमा भाइरसको प्रकृति अलि फरक पाइएको उपचारमा सम्लग्न धौलागिरी अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा. शैलेन्द्र बिक पोखरेलले जानकारी दिनुभयो । "केही बिरामीमा निकै कडा लक्षण देखिन्छ जसकाकारण उसको निमोनिया समेत घटाउन कठिन हुन्छ", पोखरेलले भन्नुभयो, "केहीले अझै कोरोना लुकाउनुभएको छ त्यसकारण भित्रभित्र उहाँको अवस्था गम्भिर बन्दै गएपछि अस्पताल आउनुभएको छ, केही शुरुमै अस्पताल आएपनि रोग प्रतिरोधात्मक क्षमता कम भएको र अन्य रोग समेत भएका कारण मृत्यु भएको पाइएको छ। "

पोखरेलका अनुसार सङ्क्रमित हुँदा गाउँकै स्वास्थ्यकर्मीको सर्म्पकमा रहने, शारीरिक व्यायाम गर्ने तथा श्वास्प्रस्वासको विषयमा जानकारी लिने, स्वास्थ्यकर्मीकै सल्लाहमा अस्पताल आउँदा सहज हुँनेछ। घरमै सामान्य ज्वरो, रक्तचाप तथा अक्सिजन परीक्षण नगर्नु तथा एक्कासी समस्या भएपछि मात्रै स्वास्थ्यकर्मीसँगको पहुँचमा पुग्दा समस्या भएको स्वास्थ्यकर्मीको भनाइ छ। शुक्रबार दुईको धौलागिरी अस्पताल र एकको ढोरपाटन कोरोना अस्पातलमा उपचारका क्रममा मृत्यु भएको स्वास्थ्य कार्याललले जनाएको छ । यस्तै जिल्लाको ढोरपाटन नगरपालिकाको कोरोना अस्पतालमा ढोरपाटन नगरपालिका-५ निवासी ६५ वर्षको पुरुषको मृत्यु भएको हो । बिहीबार बडिगाडमा कोरोना शंकास्पद पुरुषको समेत अस्पताल आउनासाथ मृत्यु भएको थियो।

# भलिबलको बन्द प्रशिक्षणका लागि ३० खेलाडी छनोट, प्रशिक्षकमा भट्ट

**रासस**
**काठमाडौं, १५ जेठ**

नेपाल भलिबल सङ्घले फिलिपिन्समा आयोजना हुने एशियन महिला भलिबल च्याम्पियनशिपका लागि ३० खेलाडी छनोट गरेको छ। सङ्घले प्रशिक्षणको जिम्मा जगदीशप्रसाद भट्टलाई सुम्पिने निर्णय गरेको छ।

सङ्घका उपाध्यक्ष निरोज मास्के, प्रशिक्षक प्रज्वलबहादुर सिंह र महिला टोलीका पूर्वप्रशिक्षक भट्टको छनोट समितिले खेलाडी छनोट गरेको हो।

बन्द प्रशिक्षणका लागि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबबाट आठ, नेपाल प्रहरीको पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपिएफ क्लब र न्यू डायमण्ड क्लबबाट सात सात तथा भरतपुर मेट्रोबाट एउटा खेलाडी छनोट गरिएको नेपाल भलिबल सङ्घका महासचिव जितेन्द्रबहादुर चन्दले जानकारी दिनुभयो।

# दुःखले आर्जेको घरमा प्रकृतिको बज्र

- तारानाथ आचार्य

**बलेवा, १५ जेठ (रासस)**

न्यून आय भएको परिवार । खेतपाती केही नभएकाले उहाँले परिवार भारी बोकेरै पाल्नुभयो । आठ/दश वर्ष पहिलेसम्म कुश्मा बजारबाट बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेरा बजारसम्म खाद्य सामग्री बोक्ने उहाँको दैनिकी थियो । त्यहीँ सामग्री बोकेर आउने ज्यालाले उहाँको परिवारमा चुल्हो बल्थ्यो । बागलुङ-कुश्मीशेरा सडक सञ्चालनमा आएसँगै उहाँको रोजगारी खोसियो ।

उहाँ हुनुहुन्छ जैमिनी नगरपालिका कुश्मीशेरा चित्रेली डाँडाका विष्णुप्रसाद शर्मा । शर्माले भारी बोकेर जोडेको पैसाले सानो घर बनाउनुभएको थियो । अहिले उहाँको रोजगारी मात्रै खोसिएको छैन, दुःखसुखले बनाएको सानो बास पनि प्राकृतिक विपत्का कारण खोसिने गरेको छ । चित्रेली डाँडामा दुःखले जोडेको घर २०७२ साल वैशाख १२ गतेको महाभूकम्पले भत्कायो । गाउँका सबै घर सुरक्षित रहँदा विष्णुको घरको धुरी भने भुइँमा बजारियो । संयोग घरबाट भागेर उहाँको परिवारले ज्यान बचाएको थियो । भत्केको गाह्रोमा जस्तापाताले अँठ्याएर चार बर्खा विष्णुको चारजनाको परिवारले बिताए ।

भूकम्प पुनर्निर्माण प्राधिकरणको अनुदानमा उहाँले पुनः घर त बनाउनुभयो तर अब त्यही घर पनि विपत्तिले घेरिरहेको छ । चुल्होको डिलमा चुहिने पानी र बिस्तराको नजीकैबाट बग्ने भल तर्काएको छ महिना नपुग्दै उहाँको घरको जगमा पहिरो पुगेको छ । गत बिहीबारदेखि निरन्तर भइरहेको वर्षाका कारण घरको जग नै बगाउने गरी पहिरो गएको हो ।

शुक्रबार बिहान गएको पहिराका कारण घर जोखिममा परेको उहाँले बताउनुभयो । "अब नयाँ ठाउँ खोजेर नयाँ घर बनाउने अवस्था छैन, बलेनीबाट भत्केर बारीको पाटामा पुगेको छ, घरको जग नै जोखिममा रह्यो", शर्माले भन्नुभयो, "अन्यत्र घर बनाउने उपाय छैन, भएको घर बस्ने अवस्थाको रहेन ।" वर्षौंपछि बनेको घर पहिराको जोखिममा परेपछि शर्माको परिवार बिचल्लीमा परेको छ । प्रकृतिले समेत पटकपटक आफूमाथि अन्याय गरेको शर्मा बताउनुहुन्छ । पानी परिरहेका बेला घरमा बस्नै नहुने गरी जग भत्किएकाले शर्मा परिवार समास्यामा छ । उहाँको घरछेउमा गएको पहिरो हेरेर फर्किएका नगर प्रमुख इन्द्रराज पौडेलले सहयोग गर्ने आश्वासन दिनुभएको छ । "जेठमा नै आएको पहिराले घर जोखिममा परेपछि सग्लो बर्खा के होला", पहिरो हेरेर फर्किएपछि स्थानीयवासी विष्णु आचार्यले भन्नुभयो, "तत्काल पहिरो नियन्त्रण वा परिवारलाई अन्यत्र सार्नुपर्ने देखियो ।"

जैमिनीका घर जोखिममा

निरन्तरको वर्षासँगै आएको पहिराले बागलुङको जैमिनी-१० राङखानीमा दुई घर जोखिममा परेका छन् । घरमुनि र घरमाथिबाट खसेको पहिराका कारण राङखानीको सिर्जना टोलका अशोक विक र रविलाल विकको घर जोखिममा परेका हुन् । यसै वर्ष निर्माण भएको अशोकको नयाँ घरको जग नजीकैबाट पहिरो खसेको छ । अशोकको घरमुनि रहेको रविलालको घर पुरिने अवस्थामा छ । निरन्तर वर्षा भइरहेकाले पहिरो नरोकिएको राङखानीका बासिन्दा मित्र थापाले बताउनुभयो । दुवै घरका परिवार छिमेकीको घरमा बसेका छन् । स्थानीय युवाको सक्रियतामा पहिरो पन्छाउने काम भइरहेको थापाले जानकारी दिनुभयो ।

सहस्रधारामा पहिरो

पर्वतको कुश्मा नगरपालिका-१ सहस्रधारामा निरन्तर बगिरहेको पहिराका कारण पोखरा-बागलुङ सडकखण्ड अवरुद्ध भएको छ । वर्षासँगै पहिरो बगिरहेकाले बेलाबेलामा सडक अवरुद्ध हुने गरेको प्रहरीले जनाएको छ । गत वर्षको बर्खायाममा खसेको पहिरो अहिले वर्षासँगै बढेको छ । सडकमा जम्मा भएको लेदो र पानीका कारण अत्यावश्यक कामका लागि बागलुङ-पोखरा सडकमा गुड्ने सवारी समस्यामा पर्ने गरेका प्रहरी नायब उपरीक्षक विश्वराज अधिकारीले बताउनुभयो । गए राति खसेको पहिरो प्रहरी पन्छाइएको थियो । अहिले पनि पहिरो खस्नेक्रम रोकिएको छैन । कोरोना महामारीका कारण निषेधाज्ञा भएकाले सडकमा अत्यावश्यक बाहेकका सवारी गुडेका छैनन् । एम्बुलेन्स, अक्सिजन सिलिण्डर बोक्ने सवारीलगायत सवारी पहिरामा रोकिने गरेका छन् । "हिजो नै अक्सिजनको जोहो गरेकाले अहिलेसम्म समस्या छैन तर जोखिम बढेको छ", धौलागिरि अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले भन्नुभयो, "अहिले पोखरा पुगेका सिलिण्डर फर्किने बेला सडक सहज भए हुन्थ्यो ।" यो सडक रोकिँदा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङमा अक्सिजन ढुवानीमा समस्या हुन्छ ।

# राम्दी पुल जीर्ण हुँदा जनता मर्कामा

**पोखरापत्र संवाददाता**

**स्याङ्जा, १५ जेठ**

गण्डकी र लुम्बिनी प्रदेश जोड्ने सिद्धार्थ राजमार्ग सडक खण्डको कालीगण्डकी नदीमा निर्माण गरिएको राम्दी पुल जीर्ण हुँदा आवतजावतमा जोखिम बढेको छ । सिद्धार्थ राजमार्गको स्याङ्जा र पाल्पा जिल्लालाई जोडेर कालीगण्डकी माथि निर्माण गरिएको सो पुल जीर्ण बन्दै जाँदा हजारौं मानिस मर्कामा परेका हुन् ।

भारत सरकारको सहयोगमा विसं २०२२ बाट सिद्धार्थ राजमार्गको निर्माण कार्य शुरु भएसँगै २०२८ सालबाट सञ्चालनमा आएको सो पुल दिन प्रतिदिन जीर्ण बन्दै जाँदा सिङ्गो गण्डकी प्रदेशका ११ जिल्लावासी मर्कामा परेका हुन् । निर्माण कार्य सम्पन्न भएर सञ्चालनमा आएको लामो समय बितिसक्दा पनि मर्मतसम्भार हुन नसक्दा पुल थप जीर्ण बन्दै गएको हो । राम्दी पुलको भारबहान क्षमता कमी भएकाले १० टन भन्दा बढीका मालबहाक सवार ीसाधनलाई आवतजावतमा रोक लगाइएकाले छ । ती सवारीसाधनले ढुवानीको लागि वैकल्पिक बाटो अपनाउनुपर्ने भएकाले ढुवानी शुल्क बढी लाग्ने भएकाले यस क्षेत्रका उपभोक्ता मर्कामा परेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य एवं वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष शोभाकान्त पौडेलले राम्दी पुलका कारण व्यापारी व्यवसायीका साथै उपभोक्ता मर्कामा परेको बताउनुभयो । पुलको स्तर वृद्धिका लागि पटकपटक कुरा उठाएपनि अहिलेसम्म कार्यान्वयन नहुँदा जोखिम बढ्दै गएको उहाँको भनाइ छ । पुतलीबजार नगरपालिका–३ का समाजसेवी अनन्तकुमार श्रेष्ठले राम्दी पुलको भारबहान क्षमता कमी हुँदा बुटवलबाट स्याङ्जा ल्याउनुपर्ने सामान नारायणगढ, मुग्लिन, पोखरा हुँदै घुमाएर वैकल्पिक बाटोको प्रयोग गरेर ल्याउनु पर्दा ढुवानी समयका साथै खर्च समेत बढी लाग्ने भएकाले उपभोक्ता मर्कामा परेको बताउनुभयो । कृषि तथा पशुपन्छी विकास मन्त्री पद्माकुमारी अर्यालले सरकारले राम्दी पुलको लागि गत वर्ष नै बजेट छुट्याएको र सड्क विभागले निर्माणसम्बन्धी प्रक्रिया अगाडि बढाएको जानकारी दिनुभयो । सडक डिभिजन कार्यालय पाल्पाका प्रमुख मुकुन्द अधिकारीले आगामी आर्थिक वर्षदेखि पुलको मर्मत कार्य गरिनुका साथै सोही स्थानमा अर्को नयाँ पुल निर्माण कार्य अगाडि बढाइने जानकारी दिनुभयो ।

# आँबुखैरेनीमा बालसुधारगृह निर्माण गरिने

**रासस**

**काठमाडौं, १५ जेठ**

सरकारले तनहुँको आँबुखैरेनी गाउँपालिका-२ मा बालसुधारगृह निर्माण गर्ने भएको छ । आगामी आर्थिक वर्ष ०७८/७९ को बजेट सार्वजनिक गर्दै अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ढकालटारमा बालसुधारगृह निर्माणका लागि बजेट विनियोजन गरिएको जानकारी गराउनुभयो ।

ढकालटारमा बालगृह स्थापनाका लागि गत चैतमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुलीकुमारी महतोले स्थलगतअनुगमनगर्नुभएकोथियो।नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको जग्गामा मन्त्रालयले बालगृह स्थापना गर्न लागेको छ ।

ढकालटारमा प्राधिकरणको स्वामित्वको ५४ रोपनी जग्गा छ । त्यसमध्ये २८ रोपनी जग्गामा बालगृह निर्माण गरिनेछ । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले आँबुखैरेनीमा बालसुधार गृह निर्माण गर्ने सरकारको निर्णयप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

# कागती खेती विस्तार कार्यक्रमले किसान उत्साहित

**पोखरापत्र संवाददाता**

**स्याङ्जा, १५ जेठ**

नेपाल सरकारले स्याङ्जासहित १० जिल्लामा कागती खेतीको विस्तार गर्ने भएको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/०७९ को बजेट सार्वजनिक गर्दै स्याङ्जासहित १० जिल्लामा कागती खेती विस्तार गर्न बजेटको व्यवस्थाको घोषणा गर्नुभएको हो ।

उक्त घोषणा गरेसँगै यहाँका कृषकहरू उत्साहित छन् । स्याङ्जा जिल्लामा सुन्तला खेतीबाट यहाँ कृषकले राम्रो आम्दानी लिँदै आएकोमा कागती खेतीसमेत विस्तार हुने भएपछि कृषकहरू उत्साहित भएका हुन् । चापाकोट-१० का किसान यामप्रसाद भट्टराईले कागती खेतीको विस्तार गर्ने खबरले आफूलाई निकै खुशी लागेको बताउनुभयो । पुतलीबजार नगरपालिका-३ बाडखोलाका अनन्तकुमार श्रेष्ठले जिल्लामा कागती खेतीको विस्तार कार्यक्रमले किसानले यसबाट राम्रो आम्दानी लिन सक्ने बताउनुभयो । बजेटमा वालिङ नगरपालिकालाई स्मार्ट सिटीका रूपमा अगाडि बढाउने उल्लेख भएकामा पनि स्थानीयबासी खुशी भएका छन् । वालिङ-१० का स्थानीय बासिन्दा एवं उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य तथा वालिङ उद्योग वाणिज्य सङ्घ अध्यक्ष शोभाकान्त पौडेलले बताउनुभयो ।

# चामेमा विद्युत् र खानेपानी आपूर्ति बन्द

**पोखरापत्र संवाददाता**

**मनाङ, १५ जेठ**

केही दिनदेखि परेको वर्षाका कारण खोलानाला बढेपछि मनाङको चामेमा विद्युत् आपूर्ति बन्द भएको छ । वर्षाले विभिन्न ठाउँमा बिजुलीका पोलहरू ढलेपछि विद्युत् सेवा अवरुद्ध भएको हो । विद्युत् सेवा अवरुद्ध भएपछि स्थानीयवासी अन्धकारमा बस्न बाध्य भएका छन् । चामे गाउँपालिका–३ नयाँबजारमा घट्टेखोलामा आएको बाढी बस्तीमा पसेपछि विद्युत् सेवा ठप्प भएको जिल्ला प्रशासन कार्यालायले जनाएको छ । खोलाको बाढी बस्तीमा पसेपछि दर्जनौं घरधुरी अध्यारोमा बस्न बाध्य भएका छन् । बाढीका कारण चामेमा खानेपानी सुविधा पनि अवरुद्ध भएको छ । वर्षाले सडक तथा पुल बगाउँदा लमजुङबाट आवतजावत गर्ने यातायात विच्छेद भएको छ । निरन्तरको वर्षाका कारण चामेका ३६ घर जोखिममा परेका छन् ।

बाढी पसेको बस्तीमा आज सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको सहायतामा उद्धार गर्ने काम भइरहेको छ । पुनः खोला बस्तीतर्फ पस्न नदिन आज बिहानैबाट जनप्रतिनिधि, सशस्त्र प्रहरी बल र स्थानीयवासीको सहभागितामा इस्काभेटेर प्रयोग गरेर घरभित्र पसेका बालुवा फाल्ने र खोला रोक्ने काम भइरहेको छ । हिजो दिउँसो २ बजेको समयमा घट्टे खोला र ठाडो लाइन खोलाहरूबाट आएको बाढी बस्तीमा पसेको थियो ।

# पहिराले मृत्यु

**पोखरापत्र संवाददाता**

**दमौली, १५ जेठ**

लगातार केही दिनदेखि परेको वर्षातका कारण पहिरो खस्दा तनहुँमा एक वृद्धाको मृत्यु भएको छ । मृत्यु हुनेमा व्यास नगरपालिका-१ निर्मलनगर टोलकी ६२ वर्षीया सरस्वती घर्ती हुनुहुन्छ ।

गए राति घर पछाडिको ठूलो ढुङ्गा खसेर घर भत्किँदा पहिरामा च्यापिएर वृद्धा घाइते हुनुभएको थियो । त्यहाँबाट उद्धार गरेर अस्पताल लैजाँदा उहाँको मृत्यु भएको वडाध्यक्ष खरसिं दरैले जानकारी दिनुभयो । वृद्धासहित पाँचजनाको परिवार घरमा सुतिरहेका थिए । घर भत्किएपछि अन्य चारजना भने भागेर ज्यान जोगाउन सफल भएको वडाध्यक्ष दरैले जानकारी दिनुभयो । चारजना सकुशल रहनुभएको छ । घरको पछाडिपट्टिको भाग पूर्णरूपमा क्षति पुगेको छ ।



बकुल्लाले अण्डा कोरल्दै : पोखरा महानगरपालिका-६ बराही घाटस्थित बाँसको झ्याङमा बकुल्लाले अण्डा कोरल्दै । यति बेला चराहरुले गुँड बनाउने अण्डा पार्ने चल्ला कोरल्ने समय हो । तस्वीर : राधिका कँडेल/रासस

# कोरोनाबाट प्रभावित बन्यो न्यादी आयोजना

**पोखरापत्र संवाददाता**

**लमजुङ, १५ जेठ**

अन्तिम चरणमा पुगेको लमजुङमा निर्माधणाधीन ३० मेगावाट क्षमताको न्यादी आयोजना कोरोनाका कारणले प्रभावित हुन पुगेको छ । यस आयोजनाले यही जेठभित्र निर्माण कार्य सम्पन्न गर्दै बिजुली उत्पादन गर्ने लक्ष्य राखेकामा कोरोना सङ्क्रमणको दोस्रो लहरले आयोजनाको विद्युत् गृहमा जडान गरिएका मेशिनको परीक्षण गर्न चिनीया इन्जिनीयर नेपाल आउन नपाएपछि आयोजना प्रभावित हुन पुगेको हो ।

विद्युत् गृहमा छ वटा मेशिन जडान गरिएको र ती मेशिनको परीक्षण गर्न सम्बन्धित कम्पनीकै इन्जिनीयर आउनुपर्ने भएपनि कोभिडका कारण नेपाल आउन नपाउँदा आयोजनाको काम प्रभावित भएको आयोजनाका प्रमुख कार्यकारी अधिकृत उत्तम अमात्यले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी यही जेठभित्र सबै काम सम्पन्न गरी बिजुली निकाल्ने लक्ष्यका साथ अघि बढिरहेका थियौँ, तर कोरोना सङ्क्रमणका कारण हवाई मार्ग बन्द भएकाले सो कम्पनीका इन्जिनीयरहरू रोकिएकाले समस्या भइरहेको छ ।"

कोरोनाका कारण करीब एक डेढ महिना निर्माण अवधि लम्बिने आयोजना प्रमुख कार्यकारी अधिकृत अमात्यले बताउनुभयो । उहाँका अनुसार हालसम्म ९७ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । हाल विद्युत् गृहमा लाइनको तार तान्ने र वेइरिङको काम भइरहेको छ । केही दिनमा टनेलको परीक्षण गर्ने तयारी यस आयोजनाले गरेको छ । यसअघि बाँधस्थल, पेटस्टकलगायतको सफल परीक्षण गरिसकेको आयोजना प्रमुख अमात्यको भनाइ छ ।

आयोजनाबाट साढे नौ किलोमिटर टाढा रहेको प्रशारण लाइनमा तार जोड्न, २५ वटामध्ये दुई वटा टावर निर्माण गर्न बाँकी रहेको बताइएको छ । यतिबेला आयोजनामा ५० जना कामदारले स्वास्थ्य सावधानी अपनाउँदै काम गरिरहेका छन् ।

चीनबाट मेशिनका सम्बन्धित इन्जिनीयरहरू आठ/नौ जना आएपछि मेशिनको परीक्षण गर्नुका साथै नेपाल विद्युत प्राधिकरणका टोली ल्याएर आयोजनाको सबै परीक्षण आगामी असारमा पूरा गर्ने बताइएको छ । यस आयोजनाले गत फागुनमै बिजुली उत्पादन गर्ने लक्ष्य राखेपनि कोभिडका कारण काम प्रभावित भएकाले निर्माण अवधि लम्बिन पुगेको थियो ।

गतवर्ष नै सकिनुपर्ने चीनबाट कामदार र सामान ल्याउन नसकेकाले आयोजना निर्माणको अवधि लम्बिएको प्रमुख अमात्यले बताउनुभयो । अहिले पनि आयोजनामा रहेको कामदारहरूले खुल्ला रूपमा काम गर्न नसक्दा निर्माण कार्य केही ढिलासुस्त भइरहेको छ । जिल्लाको मर्स्याङ्दी गाउँपालिका-६ स्थित ङादीखोलामा चिनियाँ कम्पनी चचियाङ हाइड्रोपावर कन्स्ट्रक्शन एण्ड इन्स्टलेसन कम्पनीले निर्माण गरिरहको छ । विस २०७३ चैत महिनादेखि निर्माण कार्य थालनी गरेको आयोजनाले तीन वर्षभित्र सम्पन्न गरिसक्ने सम्झौता भएको थियो । सम्झौतानुसार २०७३ चैत महिनामा आयोजनाको निर्माण कार्य सम्पन्न गरी विद्युत् उत्पादन गर्नुपर्थ्यो । विविध कारणले निर्माण कार्यमा ढिलाइ भइरहेका बेला आयोजनाको लागत भने बढी नलाग्ने अनुमान रहेको छ ।

आयोजनाका अनुसार रु छ अर्ब लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य आयोजनाको छ । आयोजनामा एभरेष्ट बैंकको अगुवाइमा पाँच बैंकले ७५ प्रतिशत अर्थात् रु साढे चार अर्ब ऋण लगानी गरेका छन् । बुटवल पावर कम्पनीको २५ प्रतिशत लगानी रहेको छ । त्यस्तै आयोजनाले प्राधिकरणसँग वर्षायाममा चार रुपैयाँ ८० पैसा र सुक्खायामका लागि आठ रुपैयाँ ४० पैसामा विद्युत् खरीद सम्झौता (पिपिए) गरेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्मः
वि.स. २००५/०८/०७ गते



स्वर्गारोहणः
वि.स. २०७८/०२/०५ गते

स्वः गोपालमान ताम्राकार

यस संस्थाका कार्य समिति सदस्य शशि ताम्राकारका पति एवम् सदस्य **गोपालमान ताम्राकार** को ७३ वर्षको उमेरमा असामयीक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

अध्यक्ष एवं
बाँझापाटन (क) टोल बिकास संस्था परिवार
पोखरा-१३, बाँझापाटन, कास्की